मिति २०८१ भाद्र २८ गते शुक्रबार विहान ११:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब.२०८१/०८२ को तेश्रो बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्नानुसार छन् :

**निर्णय नं. १:**

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वियन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. २:**

राक्सिराङ्ग गाउँपालिका अन्तर्गतका वडा तथा वस्तिहरुमा बर्षाको कारणले अवरुद्ध भएको सडकमार्गहरु मेशिनमार्फत सरसफाई तथा मर्मत गरी नजिकिदै गरेको चाडपर्वहरुमा स्थानीय बासिन्दाहरुको आवतजावतलाई सहज बनाउन आवश्यक कार्यको लागि गाउँकार्यपालिका कार्यालय र वडा कार्यसमितिहरुलाई निर्देशन दिने ।

**निर्णय नं. ३:**

कार्यालयमा 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत-पत्रको लागि रितपूर्वक निवेदन प्राप्त भएका देहायका फर्म तथा कम्पनीहरुलाई ईजाजतपत्र दिने,

क. श्री जय अम्बे निर्माण सेवा, राक्सिराङ्ग-४, मकवानपुर

ख. श्री ओमस निर्माण सेवा प्रा.लि., राक्सिराङ्ग-४, मकवानपुर

ग. श्री राक्सिराङ्ग स्याङ्गतान निर्माण तथा सप्लायर्स प्रा.लि., राक्सिराङ्ग-४, मकवानपुर

घ. श्री नारायणी उर्जा शक्ति निर्माण तथा सप्लायर्स प्रा.लि., राक्सिराङ्ग-९, मकवानपुर

**निर्णय नं. ४: विविध**

राक्सिराङ्ग गाउँपालिकाको खानेपानी तथा स्वच्छता योजनको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाको प्रत्येक घरधुरीलाई अनिवार्य रुपमा शौचालय कार्ड उपलब्ध गराउने ।

राक्सिराङ्ग गाउँपालिका अन्तर्गत संचालनमा रहेको काँकडा आयुर्वेद औषधालयको नाम परिवर्तन गरी राक्सिराङ्ग आयुर्वेद औषधालय कायम गरी तालुक निकायलाई जानकारी गराउने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चैनपुर, मकवानपुर बागमती प्रदेश, नेपाल

देव चन्द्र गतौला
प्रमुख प्रशासकीय अधिकृत